# महिला विरुद्धको हिंसामा न्यायकालागि

## ६ बुँदे कार्यसूची

महिला विरुद्धको
हिंसा अन्त्य गर

एम्नेस्टी इन्टरनेसनल

# तत्कालकालागि सन्दर्भ गाइड


१/ के विद्यमान कानून पर्याप्त छन् त ? ३

२/ यौनजन्य वा लैंगिक आधारमा गरिएको अपराधको बारेमा
रिपोर्ट गर्नु के पीडितकालागि सुरक्षित हुन्छ ? ५

३/ फरेन्सिक प्रमाण र औषधीउपचारको प्रावधान उपयुक्त र पर्याप्त छ त ? ७

४/ समयमा नै उपयुक्त सेवामा पहुँचकालागि कुनै बाधा छन् ? ९

५/ अपराधको छानविन प्रभावकारी र विस्तृत छ त ? १०

६/ के अभियोजन निस्पक्ष,उपयुक्त र प्रभावकारी छ ? १२

# महिला विरुद्धको हिंसामा न्यायकालागि ६ बुँदे कार्यसूची

**यौनजन्य र अन्य लैंगिक आधारमा हुने हिंसाका पीडित महिला र बालिकाहरुको न्यायमा पुगेको अवरोधको पहिचानकालागि एम्नेस्टी इन्टरनेसनलको कार्यसूची**

यौनजन्य र लैंगिक आधारमा गरिने हिंसा जहिले पनि अपराध र मानवअधिकारको उल्लंघन हो । तर, दुखको कुरा हिंसा विश्वका हरेक देशका धेरै महिलाको दैनिक वास्तविकता हुने गरेको छ । अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डले बलात्कार तथा अन्य यौनजन्य र लैंगिक आधारमा हुने हिंसालाई अपराधिकरणको रुपमा व्याख्या गरेको छ । र , तिनलाई संबोधन गर्न भनेको छ । यसमा राज्यहरुले घरेलु कानूनमा क्षमा दिन सक्दैनन् । जसमा यौनजन्य हिंसा र महिलाको परिपूरणको अधिकार र त्यसका कारण हिंसाबाट जोगाउने, घटनाको छानविन गर्ने र अपराधीलाई सजायको व्यवस्था सम्बन्धमा असफलता प्राप्त गर्दछ र महिलाहरुलाई परिपूरणको व्यवस्था पनि गर्दैन ।

राज्यका कर्ताहरुबाट भएको उल्लंघनमा प्रहरी, सशस्त्र बल वा हिरासतमा लिइएकाहरु तथा बलात्कार एवं अन्य यौनजन्य हिंसाले यातनालाई अघि बढाउँछ ।अन्य अपराधीको हकमा जसले विश्वासको अवस्था बनाएका हुन्छन् जस्तो कि शिक्षक, धार्मिक नेता वा चिकित्सक नै किन नहुन्, जो कसैबाट हुने यौनजन्य हिंसा अपराध हो । एम्नेस्टी इन्टरनेसनलको महिला विरुद्धको हिंसा रोक भन्ने अभियानले प्रारम्भिक रुपमा सफलता हासिल गरेको छ । जसले कानूनमा सकारात्मक परिवर्तन ल्याउँछ । नीति र प्रचलनमा यौनजन्य र लैंगिक आधारमा हुने हिंसालाई क्षेत्रीय,राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा सम्बोधन गरिएका छन् । यसमा यौनजन्य हिंसालाई आपराधिक मान्यता दिइएको छ। तर, कतिपय कानूनमा महिलालाई असमान व्यवहार गरेको पनि पाइएको छ ।

यद्यपि यी सफलताका बावजुद एम्नेस्टी इन्टरनेसनल यी प्रक्रियाहरुव्दारा वास्तवमै कति धेरै फरकपन महिला र बालिकाको सन्दर्भमा उनीहरुले ल्याउन सके भन्ने बारेमा सचेत रहेको छ । जो यौनजन्य र अन्य लैंगिक आधारका हिंसाबाट बचेका र पीडित हुन् (एम्नेस्टी इन्टरनेसनलले पहिचान गरेको छ कि पुरुष र बालकले पनि यौनजन्य र लैंगिक आधारमा हिंसा तथा उनीहरुले त्यस्तै समश्या व्यहोर्नु पर्ने हुन सक्छ र, उनीहरुले न्याय प्राप्तिकालागि त्यसै अनुसारका बाधा व्यहोर्नुपरेको हुन सक्छ ।)

यो कार्यसूचीले अभियन्ता र वकालतकर्तालाई निम्न कुराको पहिचान गराउन मद्यत गर्दछ :

- ✔ कानून,नीति र प्रचलन जुन सुधार गर्नु आवश्यक रहेको छ । र,
- ✔ कानून र नीतिहरुको सफलतापूर्वक कार्यान्वयनकालागि रहेका बाधा ।

यो कार्यसूची अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड र कानूनमा आधारित रहेको छ । जुन फौजदारी न्याय प्रणालीमा अपराधको बारेमा रिपोर्ट गर्न तथा यौनजन्य र लैंगिक हिंसाको बारेमा पीडितले चाल्ने कदमका बारेमा रहेको छ । हरेक राष्ट्रिय परिदृश्यमा ६ वटा महत्वपूर्ण प्रश्न राख्नु उपयुक्त हुन्छ ।

१. के विद्यमान कानून पर्याप्त छन् ?

२. पीडितलाई यौनजन्य र लैंगिक हिंसाका बारेमा उजुरी गर्न सुरक्षा छ कि छैन ?

३. फरेन्सीक प्रमाण संकलन तथा औषधी उपचारको प्रावधान उपयुक्त र पर्याप्त छन् त ?

४. समयमै उपयुक्त सेवामा पहुँच र पीडितको संरक्षणकालागि कुनै निश्चित बाधा छन् कि?

५. अपराधको छानविन प्रभावकारी र विस्तृत रहेको छ त ?

६. के अभियोजनका कार्य निस्पक्ष, प्रभावकारी र राम्रा छन् त ?

कार्यसूचीमा राखिएका यी ६ वटा महत्वपूर्ण प्रश्नहरु अन्तरसम्बन्धीत रहेका छन् । यो कार्यसूचीको प्रयोगले कानून वा व्यवहारले यौन तथा लैंगिक हिंसाका पीडितलाई न्याय र सेवामा अर्थपूर्ण पहुँचकालागि के परिवर्तन आवश्यक छ भन्ने कुराको अभियन्ताहरुलाई जानकारी दिने छ ।

# १/के विद्यमान कानून पर्याप्त छन् त ?

यौनजन्य र लैंगिक आधारमा गरिने हिंसालाई फौजदारी अपराधको रुपमा हेरिनुपर्दछ :

- ✔ बलात्कार र अन्य यौनजन्य हिंसामा संलग्न पीडितलाई जबर्जस्ती सताउने कार्य गरिएको हुन्छ । हिंसात्मक वा अहिंसात्मक ढंगले महिलालाई वास्तविकरुपमा स्वतन्त्रता दिइएको हुँदैन । कानून र प्रचलनमा पीडितले सहमति दिएको हुन सक्ने अनुमान गर्नु हुँदैन । किनकि उनीहरुले अनिच्छित यौनकार्यलाई शारिरीकरुपमा विरोध नगर्न सक्छन् ,यसमा अपराधकर्ममा संलग्न व्यक्तीले भौतिक आक्रमणको धम्की दिएको हुन सक्छ ।

- ✔ फौजदारी कानूनले बलात्कारको पहिचान गर्नुपर्दछ र अन्य यौनजन्य हिंसालाई पीडितको शारीरिक र मानसिक अवस्थाकाका विरुद्धको कार्यको रुपमा लिन सकिन्छ। त्यसो गर्नु नैतिकता वा सम्मानको विरुद्धको अपराध भन्दा पनि अझ जघन्य कुरा हो । यस्ता कार्यलाई कानूनीरुपमा आपराधीकरण गर्ने कार्य लैंगिक रुपमा निस्पक्ष हुनुपर्दछ ।

- ✔ फौजदारी कानूनले अपराधीलाई प्रभावकारी अभियोजनकोलागि काम गर्नुपर्दछ र जो यौन हिंसामा संलग्न रहेका छन् उनीहरुलाई कुनैपनि उन्मुक्तीको व्यवस्था हुनुहुँदैन(जस्तो कि वैवाहिक बलात्कारको प्रसंग जसमा बैवाहिक महिलाले स्वत: उनीहरुका श्रीमान् लाई यौन सम्पर्ककालागि इजाजत दिएको मानिन्छ) ।

- ✔ सशस्त्र द्वन्दका क्रममा भएका यौनजन्य र लैंगिक हिंसाको छानविन गरिनुपर्दछ र यौन तथा लैंगिक हिंसालाई युद्ध अपराधका रुपमा अभियोजन प्रक्रिया अघि बढाउनुपर्दछ । साथै माथिल्लो तहको आदेशलाई प्रतिरक्षाका रुपमा नलिई आदेश दिनेको उत्तरदायित्वका बारेमा पनि छानविन गरिनुपर्दछ। जहाँ हिंसा व्यापक र प्रणालीगत ढंगले रहेको छ यसलाई पनि मानवताविरोधी संभावित अपराधकारुपमा छानविन गरिनुपर्दछ ।

- ✔ सम्मानको आधारमा यहाँ कोही पनि अपराधीलाई विभेदकारी प्रतिरक्षा , दया वा बढाइचढाई गर्ने काम गर्नु हुँदैन । यसले यौनजन्य हिंसामा फौजदारी जवाफदेहिता सिर्जना गर्दैन ।

- ✔ लैंगिक आधारमा गरिने हिंसामा उदाहरणको लागि नजिकका साथीसँगको सम्बन्धलाई समेत आपराधिक मानिनुपर्दछ र त्यसलाई फौजदारी न्याय प्रणाली अन्तर्गतको व्यवहार गरिनुपर्दछ । गैह्र पारिवारिक यस खालको हिंसालाई मात्र गंभीरतापूर्वक लिने गरेको पाइदै आएको छ । त्यहाँ के अनुमान गर्नु हुँदैन भने साझेदार, बाबुआमा, श्रीमति वा बच्चासँगको व्यवहारमा पनि अनुशासनको अधिकार हुन्छ । महिला वा बालिकामाथि धम्की मार्फत वा शारिरीक हिंसाको माध्यमबाट यसखालको व्यवहार गरिएको

हुन सक्छ ।

- ✔ कानूनी संयन्त्रले न्याय खोज्ने महिला वा बालिकालाई विभेद गर्नुहुन्न र उनीहरुलाई थप उल्लंघनको अवस्था सिर्जना गरिनु हुँदैन ।

- ✔ सबै पीडितलाई समान व्यवहार गरिनुपर्दछ । हिंसा सम्बन्धी कानूनमा उमेर,जात,जातियता, धर्म वैवाहिक अवस्था, सामाजिक मान्यता, रोजगारी (त्यसमा यौनजन्य कार्य वा यौनजन्य अभिमुखीकरण (उदाहरणको लागि समलिंगी), लैंगिक पहिचान (उदाहरणकोलागि समलिंगी महिला) वा हाउभाउ (उदाहरणकोलागि महिलाले लगाएको पोशाक) लगायतका कुरा पनि प्रष्ट हुनुपर्दछ ।

- ✔ एक जना पीडितले जब आफूमाथिको यौनजन्य र लैंगिक हिंसाको बारेमा उजुरी गर्दछ, उसलाई यौनमा छाडापन, बेश्याबृत्ती वा समलिंगी यौन व्यवहारका रुपमा व्याख्या गरिनुहुन्न जुन देखिने गरेको छ ।

- ✔ कानूनी प्रावधान यस्तो हुनुहुन्न कि जसले महिला र बालिकाको परीक्षणलाई कम आँक्ने र लम्ब्याउने काम गरोस् । यो प्रष्ट छ कि उनीहरु आफैपनि यो काम गर्न सक्षम रहेका छन् । खासगरी,पीडितसँगको प्रमाणलाई अन्य प्रमाणले पनि साथ दिनुपर्छ भन्ने कुरालाई मान्नुहुँदैन । ‘सतर्कता सम्बन्धी नियम’ लगाउनुहुँदैन । जस अन्तर्गत न्यायाधिशले उजुरीकर्ताले मुद्धामा झूठ बोलेको हुन सक्छ भन्ने कुराको इजलासलाई भनिरहनुपर्दछ । उजुरी बढाइचढाई गरिएको र रमाइलोकालागि गरिएको पनि हुन सक्ने वा उनीहरुको प्रमाण अविश्वस्नीय हुन सक्ने कुरा उल्लेख हुनुपर्दछ । महिला वा बालबालिका रक्सी वा अन्य लागूपदार्थ खाएको समयमा यौन हिंसा भएको, महिलाको पोशाक र त्यतिबेला उनी कहाँ थिइन् भन्ने विषयलाई लिएर पनि दोष दिने गरिएको छ । यौनकर्मी वा मनोरञ्जन विधामा काम गर्ने महिलालाई उनीहरुको पेशाका कारण विभेद गरिनुहुन्न । यसबाहेक एउटा के बलियो अनुमान हुनुपर्दछ भने यौन इतिहासको बारेमा अभियोजनमा प्रमाणका रुपमा पेश गरिनुहुन्न । विभेदकारी नीति अपनाउनुको सट्टामा उजुरीकर्ताको विश्वस्नीयता, पात्र वा अन्य कुराको बारेमा ध्यान दिनुपर्दछ ।

# २/यौनजन्य वा लैंगिक आधारमा गरिएको अपराधको बारेमा रिपोर्ट गर्नु के पीडितकालागि सुरक्षित हुन्छ ?

यौनजन्य वा अन्य खालका हिंसाका बारेमा सुरक्षित र समयमै पीडितहरुले उजुरी गर्न सक्ने अवस्थाको राज्यले सुनिश्चितता गर्नुपर्दछ ।

- ✔ राज्यले सुनिश्चितता गर्नुपर्दछ कि प्रहरी वा अन्य कानून कार्यान्वयन निकायका अधिकारीले धरपकड गर्ने छैनन् ,धम्की दिने छैनन् वा यौनजन्य हिसाबाट पीडितका परिवारलाई संरक्षण दिनेछन् । दोषीका विरुद्धमा उजुरी गर्ने वातावरण बनाइनुपर्दछ । यदि उजुरीकर्तालाई थप हिंसाको खतरा छ भने प्रहरीले पीडितलाई थप उपयुक्त संरक्षणको सुनिश्चितता गर्नुपर्दछ ।

- ✔ यौन र लैंगिक हिंसाका पीडितलाई प्रहरीले व्यवसायिक ढंगले व्यवहार गर्ने ग्यारेन्टी हुनुपर्दछ र यसबारेमा आचारसंहितामा नै स्पष्ट व्यवस्था गरिनुपर्दछ । यसमा बेवास्ता गर्ने, विभेद गर्ने, आक्रामक हुने, छिद्रानुभेषी वा अव्यवसायिक प्रबृत्ती देखाउने काम गर्नु हुँदैन । आचारसंहिताले अधिकारीहरुलाई जवाफदेही बनाउने काम गर्नुपर्दछ, जहाँ बाँचेका पीडितहरुलाई उपयुक्त ढंगले व्यवहार गरिएको हुँदैन ।

- ✔ पीडितहरुलाई प्रहरी वा अन्य अनुसन्धानकर्तासमक्ष छलफल गर्दा एक जना वकिल पनि ल्याउने व्यवस्था गरिनुपर्दछ ।

- ✔ प्रहरी अधिकारीहरुलाई तालिमको व्यवस्था गरिनुपर्दछ (उनीहरुको आधारभूत तालिमको सन्दर्भमा र जारी व्यवसायिक तालिमको सन्दर्भमा पनि कुरा गर्नु पर्दछ ।) राम्रो प्रचलनकारुपमा अन्तर्वार्ता लिने र पीडितहरुलाई समर्थन गर्ने काम गर्नुपर्दछ जो लैंगिक हिंसाबाट पीडित हुन्छन् ।

- ✔ पीडितको अन्तर्वार्ता सुरक्षित र गोप्य वातावरणमा हुनुपर्दछ । प्रहरी अधिकारी हरु नियमित प्रचलनका रुपमा काममा लाग्नुपर्दछ । उजुरीकर्ताको सुरक्षाको व्यवस्था गरिनुपर्दछ। र, अनुसन्धानकाक्रममा पीडितको सुरक्षाको प्रत्याभूति गरिनुपर्दछ (उदाहरणकोलागि उजुरीकर्ता सम्म अपराधीहरुको पहुँचलाई निस्तेज गर्नकालागि नागरिकहरुको गतिविधि बढाउने) कुनै पनि मुद्धामा उजुरीकर्तालाई 'संरक्षणपूर्ण हिरासतमा' राख्ने व्यवस्था गरिनुपर्दछ ।

- ✔ सबै मुद्धाहरु तत्कालै दर्ता गरिनुपर्दछ र प्रगतिको बारेमा पूर्ण सूचना र उजुरीकर्ता तथा उसका वकालतकर्तालाई नियमित

रुपमा अद्यावधिक गरिनुपर्दछ । प्रहरीले छुट्टै खालको मुद्धा सम्बन्धी नम्बरको प्रयोग गर्नुपर्दछ ताकि मुद्धाको बारेमा जानकारी लिन सजिलो होस् ।

- ✔ पीडितहरु राज्यको जस्तोसुकै अवस्थामा भएपनि उनीहरुलाई उजुरी गर्नकोलागि सुरक्षित वातावरण हुनुपर्दछ । कुनै पनि मुद्धाहरु आन्तरिकरुपमा मात्रै अगाडि बढाउने काम हुनुहुदैन । उदाहरणकोलागि जेलका अधिकारीले जेलका स्टाफद्वारा गरिएको ज्यादतीको आरोपको बारेमा अनुसन्धान गर्न मिल्दैन । बरु यौनजन्य र लैंगिक हिंसाको बारेमा अनुसन्धान र विशेषज्ञता हासिल गरेका प्रहरी अधिकारीलाई मुद्धाको प्रक्रिया अघि बढाउन भन्नुपर्दछ ।

# ३/फरेन्सिक प्रमाण र औषधीउपचार को प्रावधान उपयुक्त र पर्याप्त छ त ?

फरेन्सीक प्रमाणको संकलन र तिनको प्रशोधन कार्य प्रभावकारी हुनै पर्दछ। यसमा पीडितलाई मूल्यको आधारमा वा स्थानको आधारमा पृथक गरेर झन् थप पीडा दिने काम गर्नुहुदैन ।

- ✔ चिकित्सा सम्बन्धी व्यवसायिक व्यक्ति विश्व स्वास्थ्य संगठनबाट तालिम प्राप्त हुनुपर्दछ । उनीहरु यौन र लैंगिक हिंसा सम्बन्धी फरेन्सिक प्रमाण प्राप्तीपछिको शिष्टाचार बारेमा जानकार हुनुपर्दछ । उनीहरुले ख्याल गर्नुपर्दछ र त्यसको नमूना बनाउनु पर्दछ । त्यसबाट के देखिनुपर्दछ भने ती प्रमाण आपराधिक अभियोजनकाक्रममा प्रयोग हुनेछन् । उदाहरणको लागि प्रमाणलाई हिरासतको साङ्गलोबाट पनि संरक्षण गरिनुपर्दछ ।

- ✔ चिकित्सा सम्बन्धी व्यवसायीहरु फरेन्सीक रिपोर्ट बनाउन आवश्यक तथ्य राख्न सक्ने तालिम प्राप्त व्यक्ती हुनुपर्दछ । त्यो यस्तो फर्म्याटमा हुनुपर्दछ कि जुन प्रहरीले प्रयोग गर्न सकून् । र, अपराधमा संलग्नलाई कारवाही गर्न सकियोस् । फरेन्सीक मेडिकल विज्ञहरुले कहिल्यैपनि कानूनको आधारमा निस्कर्ष निकाल्नु हुदैन ।

- ✔ चिकित्सा व्यवसायीले बाँचेका व्यक्तिलाई उपयुक्त समर्थन केन्द्रमा सिफारिस गर्नुपर्दछ ।

- ✔ फौजदारी न्यायप्रणालीमा बलात्कार वा यौनजन्य हिंसामा छुटटै फरेन्सीक मेडिकल परीक्षण गर्नु जरुरी हुन्छ। प्रमाण संकलनबाट उपचारलाई अलग्याउँदा स्वास्थ्य उपचारको अधिकारको गंभीर उल्लंघन हुन्छ र गंभीर नैतिक प्रश्न उब्जन सक्छ। कुनै पनि प्रारम्भीक स्वास्थ्य सेवाका क्रममा फरेन्सीक प्रमाणको सुनिश्चितता हुनुपर्दछ । जुन चाहिएको समयमा अनुसन्धानकाक्रममा प्रयोग गर्न सकिन्छ।

- ✔ यदि छुटटै मेडिकल परीक्षण आवश्यक पऱ्यो भने मेडिकल र कानूनी परीक्षकहरु डब्ल्युएचओ प्रोटोकल अन्तर्गत तालिम प्राप्त हुनुपर्दछ र फरेन्सीक प्रमाण यौनजन्य र लैंगिक हिंसाका आधारमा हुनुपर्दछ ।

- ✔ फरेन्सीक मेडिकल परीक्षा भौगोलिक र शारीरिक रुप दुवै हिसाबले जीवित पीडित व्यक्तिहरुकालागि पहुँचयुक्त हुनुपर्दछ । यात्रामा लाग्ने खर्च सहयोगस्वरुप उपलब्ध गराइनुपर्दछ र परीक्षा निःशुल्क हुनुपर्दछ । कुनै पनि मुद्दामा पीडितले उपचार नपाउने अवस्था हुनुहुदैन ।

- ✔ परीक्षा जतिसक्दो चाडो लिइनुपर्दछ र कतिपय प्रमाणहरु केही घण्टाकै अन्तरमा संकलन गरिनुपर्दछ । यदि कुनै पीडितको समयमा नैं फरेन्सीक विज्ञकोमा पहुँच हुने

अवस्था छैन भने उजुरीकर्ताले यसमा उजुरी गर्न पाउँदैन ।

- जीवित भएकाहरुलाई नमूना संकलनको सन्दर्भलाई लिएर (जस्तो कि बलात्कार सम्बन्धी किट्स लगायतको कुरामा ) वा परिणामलाई मेडिकल रिपोर्टमा परीक्षण गरेर गर्न सकिन्छ ।

# ४/समयमा नै उपयुक्त सेवामा पहुँचकालागि कुनै बाधा छन् ?

यौनजन्य वा अन्य लैंगिक हिंसाका पीडितहरुलाई तत्काल उपयुक्त स्वास्थ्य सेवाको पहुँच हुनुपर्दछ ।

- शारिरीक र भौगर्भिक रुपमा नै यौनजन्य र लैंगिक आधारमा हुने हिंसाका पीडितहरुले स्वास्थ्य सेवा पाउनुपर्दछ । विरामीलाई यात्रा गर्दा लागेको खर्च फिर्ता गर्ने व्यवस्था गरिनुपर्दछ । स्वास्थ्य सेवाकालागि शुल्क लाग्छ भने रकम तिर्न नसकेकै आधारमा उपचारबाट बञ्चीत गरिनु हुँदैन । यो सेवामा पहुँच पाउन गाह्रो हुनेलाई शुल्क हटाइनु पर्दछ ।

- यौनजन्य वा लैंगिक हिंसाका कारण स्वास्थ्य सेवाबाट बञ्चीत भएकाहरुले उनीहरुको इच्छा मुताविकको चिकित्सक छनौट गर्न पाउनुपर्दछ (पुरुष वा महिला) ।

- महिला वा पुरुष जो बलात्कृत भएका छन् उनीहरुलाई उपयुक्त औषधोपचारको व्यवस्था गरिनुपर्दछ । जस्तो कि आपतकालीन उपचार ,एचआइभी एड्सको संभावना, गाइनोकोलोजिकल केयर तथा त्यस्तो अवस्थामा लाग्न सक्ने चोटपटकका लागि प्रारम्भीक मनोवैज्ञानिक समर्थन आवश्यक पर्दछ ।

- औषधोपचार सम्बन्धी विज्ञहरु जस्तो यौन तथा लैंगिक हिंसाबाट बचेकाहरुको बारेमा हेर्नेहरु तालिमप्राप्त हुनुपर्दछ । उनीहरुसँग व्यवसायीक ढंगले,समर्थन हुनेगरी, गोप्यता भंग नगर्ने गरी  र विभेदरहित ढंगले काम गर्नु पर्दछ ।स्वास्थ्य सेवा प्रदायकहरु विरामीलाई अर्को उपयुक्त सेवामा रिफर गर्न सक्ने खालको हुनुपर्दछ । जस्तो कि मनोवैज्ञानिक परामर्श र कानूनी सेवा लगायतका कामको लागि सल्लाह दिन सक्ने हुनुपर्दछ ।

- उपयुक्त र पहुँचयुक्त सेवा जस्तो कि महिला र बालिकाकोलागि गर्भपतन जस्ता सेवाको पहुँच हुनुपर्दछ जो बलात्कारका क्रममा वा नातामा सम्बन्धका कारण  गर्भवति भएका छन् ।

# ५/अपराधको छानविन प्रभावकारी र विस्तृत छ त ?

**छानविन समयमै गरिनेछ र सबै सान्दर्भिक प्रमाणलाई उपयुक्त अभियोजनकालागि समर्थन गरिनेछ ।**

- अनुसन्धानमा संलग्न अधिकारीहरुले यदि जीवीत रहेका पीडित व्यक्तीहरुले चाहन्छन् भने उनीहरुको परिचयको संरक्षण गर्नुपर्दछ । अनुसन्धान नहुदै प्रमाणको आधारका बारेमा प्रहरीले पहिले नै फैसला गर्नु हुँदैन । उदाहरणकोलागि उजुरीकर्ताको कुरामा विश्वास नगरी उजुरी फिर्ता गर्नको लागि प्रेरित गर्ने काम हुन सक्छ (आफ्नो व्यक्तिगत फाइदाकालागि ) ।

- अभियोजक समक्ष मुद्धा पुऱ्याउनकोलागि प्रष्ट मापदण्ड निर्धारण हुनुपर्दछ । यदि उनीहरुले थप प्रक्रिया अघि बढाएनन् भने उनीहरुले कारणको रेकर्ड गराउनुपर्दछ र उजुरीकर्तालाई जानकारी गराउनुपर्दछ ।

- प्रहरीले पीडित र अभियुक्तकाबीचमा सहमतिकालागि मध्यस्थताको भूमिका निर्वाह गर्नु हुँदैन । उनीहरुले अनौपचारिक रुपमा क्षतिपूर्ति उपलब्ध गराउनकालागि सहजकर्ताको भूमिका निर्वाह गर्नुहुँदैन । उनीहरुले समानान्तर कानूनी प्रक्रिया जस्तो कि जातीय अदालतबाट समाधानकालागि प्रोत्साहन गर्नु हुँदैन ।

- अनुसन्धान सम्बन्धी तथ्यांकहरु जम्मा गरेर प्रकाशन गर्नु पर्दछ । उनीहरुले कस्ता तत्वव्दारा यी घटना भएका छन् भन्ने कुरा समेत उल्लेख गरी सूचना दिनुपर्दछ– जस्तो कि यौन,जात र पीडितको उमेर जस्ता कुरालाई समेत उल्लेख गर्नुपर्दछ ।

**संभावित कारणहरु अस्तित्वमा रहेको बेलामा अभियोजकले आपराधिक गतिविधीमा सजायकालागि आवश्यक प्रक्रिया अघि बढाउनु पर्दछ ।**

- यदि अभियोजकले कुनै मुद्धालाई निरन्तरता नदिने निर्णय लियो भने उनीहरुले कानूनलाई दर्ता गराउनुपर्दछ । यसकालागि उनीहरुले कारणहरु दर्ता गर्नुपर्दछ र उजुरीकर्तालाई तत्काल जानकारी गराउनुपर्दछ । अभियोजकजन्य अधिकार लाई मुद्धा खारेज गर्ने काममा लगाउनुहुँदैन । जहाँ मुद्धा अगाडि बढाउन यथेष्ट प्रमाणहरु रहेका हुन्छन् र उजुरीकर्ताले मुद्धा अघि बढाउन चाहन्छ ।

- अनुसन्धान र अभियोजनको कार्य यसका सिद्धान्त बमोजिम गरिनु पर्दछ ।

- अभियोजकको कार्यालयले नियमितरुपमा तथ्यांक सार्वजनिक गरी सो कार्यालयबाट समाधान गरिएका मुद्धाको बारेमा जानकारी

गराउनुपर्दछ ।यसले यौन,जातीगत र उमेरका आधारमा पीडितहरुको सूचना दिनुपर्दछ र पहिचान नगरिएका मुद्धाको बारेमा पनि जानकारी गराउनुपर्दछ ।

- ✔ अभियोजकको कार्यालयमा रहने वकिल र अनुसन्धाताहरु यौन जन्य र लैंगिक हिसाका पीडितहरुलाई उपयुक्त व्यवहार गर्नकालागि तालिमप्राप्त हुनुपर्दछ । खासगरी औषधोपचारको प्रमाण, विज्ञहरुको प्रमाण जस्तो मनोवैज्ञानिक वा दिमाग सँग सम्बन्धी रिपोर्टका बारेमा जानकारी राख्ने हुनुपर्दछ ।

- ✔ अभियोजकहरुले यो कुराको सुनिश्चितता गर्नुपर्दछ कि प्रत्यक्षदर्शीहरुको उपयुक्त ढंगले संरक्षण गरिएको छ । आरोपीबाट वा अरु कसैबाट धम्की आउन सक्छ । साथै उजुरीकर्ताको परिवारबाट पनि धम्की आउन सक्छ । जसले परिवारको सम्मानको लागि आफूले काम गरेको भन्न सक्छ । पीडितलाई त्यो अवस्थामा संरक्षणयुक्त जेल वा हिरासतमा राखिनुपर्दछ ।

- ✔ अभियोजकले पीडित र प्रत्यक्षदर्शीको सम्मानको ख्याल गर्नुपर्दछ । जसमा प्रतिवादी वकिलहरुले स्वतन्त्र ढंगले ऋसजाँच गर्दछन् । साथै प्रत्यक्षदर्शीको विश्वस्नियतामा पनि ध्यान दिइन्छ र, प्रत्यक्षदर्शी र पीडितहरुले क्लोज सर्किट क्यामेरा जस्ता कुरा खोज्न सक्छन् वा उनीहरुको भनाई क्यामेरा सामु राख्न सक्छन् ।

- ✔ यसमा अभियोजकको व्यक्तिगत दृष्टिकोण हुनुपर्दछ र यौनजन्य र लैंगिक आधारको हिंसालाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा उल्लेख गर्नुपर्दछ ।

# ६/के अभियोजन निस्पक्ष,उपयुक्त र प्रभावकारी छ ?

**अभियोजन निस्पक्ष हुनैपर्छ। विभेदबाट स्वतन्त्र र पीडित तथा प्रतिवादीको संरक्षण गरिनैपर्दछ।**

- पीडितहरुले निजी परिचयको बारेमा गोपनियता राख्न चाहन्छन् भने न्यायाधिशहरुले त्यसमा सहयोग गर्नुपर्दछ।
- न्यायाधीश र वकिलहरु लैंगिक र लैंगिक आधारमा हुने हिंसाको बारेमा जानकार हुनुपर्दछ।
- न्यायाधीशहरु यौनजन्य र लैंगिक आधारमा हुने हिंसाकाबारेमा तालिम प्राप्त हुनुपर्दछ। उनीहरुले अदालतभित्रको वातावरण सुरक्षित र सम्मानजनक बनाउन भूमिका खेल्नुपर्दछ ।प्रत्यक्षदर्शीलाई संरक्षणको वातावरण बनाइनुपर्दछ । न्यायाधीशहरुले यसमा प्रष्ट निर्देशन दिनुपर्दछ।
- न्यायाधीशहरुले विगतका यौनजन्य इतिहासका प्रमाणलाई अनुमति दिनुहुँदैन। उजुरीको कुरा अदालतमा उठाइनुपर्दछ। धेरै नै अपवादजन्य काम बाहेक न्यायलाई तुहाउने कार्य सम्बन्धी प्रमाणको आवश्यकता पर्दछ । उदाहरणको लागि उजुरीकर्ताले आरोपीलाई विगतमा नभेटेको भन्न सक्छ। तर वास्तवमा चाहिं उनीहरु सँगै बसिरहेका हुन्छन् ।
- यौनजन्य हिंसामा न्यायीक अभियोजनका क्रममा पटक–पटक लैंगिक आधारमा हुने हिंसाको बारेमा न्यायाधीशहरु पूर्वाग्रही बन्ने सम्भावना हुन्छ । त्यसैले उनीहरु विभिन्न पृष्ठभूमिबाट आएको हुनुपर्दछ । उनीहरुले सबै कुरा गोप्य राख्ने शपथ खानुपर्दछ र उनीहरु न्यायाधीशहरुको कानूनव्दारा निर्देशित हुनुपर्दछ।
- बलात्कार र यौनजन्य हिंसामा दोषी देखिएका अपराधीका सन्दर्भमा उनीहरु अपराधकोलागि समानुपातिक ढंगले दोषी हुन्छन् । कुनै पनि मुद्धामा मृत्युदण्ड स्वीकार्य र उपयुक्त हुँदैन।
- जीवित भएकाहरुलाई उनीहरुका आक्रमणकारी जेलबाट निस्केको वा छुटेको बारेमा जानकारी गराउनुपर्दछ र अद्यावधिक सुरक्षा व्यवस्था गरिनुपर्दछ।
- बलात्कार वा यौनजन्य हिंसामा संलग्न व्यक्तिलाई पनि उपयुक्त पुनर्स्थापना कार्यको पहुँच दिनुपर्दछ। यस्ता कार्यक्रमको प्रभावकारिताकाबारेमा राम्रोसँग अनुगमन गरिनुपर्दछ।

**महिला विरुद्धको हिंसा अन्त्य गर**

एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल विश्वका १ सय ५० भन्दा बढी मुलुक र क्षेत्रमा मानवअधिकार अभियान चलाइरहेको ३० लाख सदस्य रहेको संस्था हो । हाम्रो लक्ष्य भनेको हरेक व्यक्तिले मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्य मानवीय कानुनद्वारा प्रदत्त मानवअधिकारको उपभोग गर्न पाउन् भन्ने नै हो ।हामी कुनै पनि सरकार, राजनीतिक विचार, आर्थिक वा धार्मिक चासोबाट स्वतन्त्र छौं र हामी हाम्रो सदस्यता तथा सार्वजनिक चन्दाका आधारमा चलेका छौं ।

**एम्नेस्टी इन्टरनेसनल पब्लिकेसन्स**

प्रथम पटक एम्नेस्टी इन्टरनेसनलव्दारा २०१० मा प्रकाशित ।
अन्तर्राष्ट्रिय सचिवालय
पिटर बेनेन्सन हाउस
१ इस्टन स्ट्रिट
लण्डन डब्ल्यु सि १ एक्स ओ डी डब्ल्यु
बेलायत
www.amnesty.org

**सर्वाधिकार सुरक्षित**
यो प्रकाशनको कपिराइट रहेको छ । तर,यो कुनै हिसाबले वकालतको लागि शुल्क नलिई पुनर्उत्पादन गर्न सकिनेछ । वकालत,अभियान र शिक्षण उदेश्यकालागि प्रयोग गर्न सकिनेछ । तर पुन:विकी गर्न पाइने छैन । कपिराइटको अधिकारवाला व्यक्तीलाई अनुरोध गरिन्छ कि यसको दर्ता गरिनुपर्दछ र यसको असर पहिचानको उदेश्यकालागि प्रयोग गर्नुपर्दछ । अन्य अवस्थामा यसको नक्कल उतार्नकोलागि वा यसको अन्य प्रकाशनव्दारा पुनर्प्रयोग गर्नकालागि अगाडि नै अनुमति लिनुपर्दछ । र, यसको शुल्क पनि लाग्न सक्छ ।

इन्डेक्स:एक्ट ७७/००२/२०१०
सुरुको भाषा: अंग्रेजी
एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालय, बेलायत द्वारा प्रकाशित

एम्नेस्टी इन्टरनेसनल
अन्तर्राष्ट्रिय सचिवालय
पिटर बेनेन्सन हाउस
१ इस्टन स्ट्रीट
लण्डन, डब्ल्युसी १ एक्स ओ डी डब्ल्यु
बेलायत

www.amnesty.org

इन्डेक्सःएसीटी ७७/००२/२०१०

महिला विरुद्धको
हिंसा अन्त्य गर

एम्नेस्टी
इन्टरनेसनल